# प्रदेश सरकार
# प्रदेश नं ५
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
# बुटवल, नेपाल

सचिव बैठक न : १८
मिति : २०७५।९।१५

<u>उपस्थिति</u>

| | | |
|---|---|---|
| डा. तीर्थराज ढकाल, | प्रमुख सचिव, | प्रदेश नं ५ |
| श्री भरत मणि रिजाल | सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री केशव प्रसाद आचार्य, | सचिव, | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| श्री धनन्जय पौडेल, | सचिव, | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय |
| श्री यामनारायण देवकोटा, | सचिव, | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय |
| श्री कृष्ण प्रसाद ज्ञवाली | सचिव | सामाजिक विकास मन्त्रालय |
| श्री तिलक वहादुर खडका | नि. सचिव, | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| श्री ध्रुव धिताल | नि. सचिव, | भौतिक पूर्वाधार विकास मन्त्रालय |

<u>आमन्त्रित</u>

| | | |
|---|---|---|
| श्री यमकान्त पाण्डेय, | उपसचिव, | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |

<u>निर्णयहरु</u>

१. सचिव बैठकमा सहभागी हुँदा गत बैठकका निर्णयहरुको कार्यान्वयन प्रगति विवरण सहित बैठकमा सहभागी हुने ।

२. आ.व. २०७५।७६ को वार्षिक कार्यक्रम तथा वजेट कार्यान्वयन सम्वन्धमा देहायवमोजिम गर्ने :

क. चालू आ.व.मा संचालन गर्ने कार्यक्रम वा आयोजनाको अवधारणा पत्र तयार गर्न बाँकी रहेका मन्त्रालयहरुले कार्यालयको जनशक्तिबाट संभव भए कर्मचारीबाट र संभव नभएमा परामर्श सेवा खरिद गरी यथाशीघ्र तयार गर्ने ।

ख. मन्त्रालयअन्तर्गतका निकायलाई पठाउन बाँकी अख्तियारी तुरुन्तै पठाउने । अख्तियारी पठाइ सकिएको भए सम्वन्धित निर्देशनालय, डिभिजन वा अन्य कार्यालयलाई कार्यान्वयन प्रक्रिया अगाडि वढाउन कुनै समस्या भए नभएको जानकारी लिई समस्या परेको भए समाधान गर्ने ।

ग. चालू आ.ब.मा संचालन हुने कार्यक्रम वा आयोजना कार्यान्वयन गर्नका लागि आवश्यक सबै कार्यविधि, निर्देशिका तथा मापदण्डहरु पुष मसान्तभित्र तयार गरिसक्ने । प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत गराउन आवश्यक देखिएका कार्यविधिहरु तुरुन्तै प्रस्ताव सहित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने ।

३. अन्तर प्रदेश परिषद्का अध्यक्ष सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीज्यूको अध्यक्षतामा मिति २०७५।९।३ गते बसेको दोश्रो बैठकले स्वीकृत गरी नेपाल सरकार (म.प.) बाट मिति २०७५।०९।०६ मा कार्यान्वयन गर्ने निर्णय भएको संघीयता कार्यान्वयन सहजीकरण कार्ययोजनामा समावेश भएका क्रियाकलापहरुका बारेमा छलफल गरियो। सबै मन्त्रालयले आफ्नो मन्त्रालयसँग सम्वन्धित क्रियाकलापहरु निर्दिष्ट समयमै कार्यान्वयन गर्ने, गराउने ।

४. आगामी फागुन ३ गतेलाई प्रदेश स्थापना दिवशका रुपमा मनाउने सन्दर्भमा प्रदेश सरकारबाट प्रकाशन गरिने स्मारिकाका निमित्त देहायबमोजिमको ढाँचामा मन्त्रालयगत प्रकाशन सामग्री तयार गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा माघ ५ गतेभित्र पठाउने ।

- मन्त्रालय र अन्तर्गत निकायहरुको संगठन एवम् कार्यक्षेत्र
- जनशक्ति विवरण
- कानून निर्माणको अवस्था
- चालू आवको नीति कार्यक्रममा मन्त्रालयका जिम्मेवारीको क्षेत्र
- मन्त्रालयको पछिल्लो ६ महिनाको प्रगति विवरण
- कार्य संचालन तथा सम्पादनमा देखिएका चुनौती
- कार्यक्रम संचालनका क्रममा रहेका प्रमुख समस्या र समाधानका लागि मन्त्रालयबाट भईरहेका प्रयासहरु
- भावि कार्यक्रम तथा कार्यदिशा

उल्लिखित स्मारिका तयार गर्नका लागि अर्को बैठकमा कार्यदल गठन गर्ने ।